GIG CYMRU NHS WALES | Iechyd Cyhoeddus Cymru Public Health Wales

# गर्भावस्थामा डाउन्स सिन्ड्रमको जाँच

यस पर्चामा तपाईँको शिशुलाई डाउन्स सिन्ड्रम भएको छ छैन भनेर पत्ता लगाउन गर्भावस्थामा गर्न सकिने जाँचहरूबारे वर्णन गरिएको छ। आफ्ना शिशुलाई डाउन्स सिन्ड्रम हुने बढ्ता सम्भावना रहेको थाहा पाएका महिलाहरूले निदानात्मक जाँचहरू गराउन सक्नेछन्। उक्त जाँचलाई अमाइनोसिन्टसिस भनिन्छ। यो जाँच गराउने या नगराउने तपाईँले रोज्न सक्नुहुनेछ।

## डाउन्स सिन्ड्रम भनेको के हो?

डाउन्स सिन्ड्रम भनेको एउटा थप क्रोमोसमका कारणले हुने एउटा वंशानुगत अवस्था हो। डाउन्स सिन्ड्रम हुने व्यक्तिमा स्वभाविक अवस्थाको 46 का सट्टामा 47 वटा क्रोमोसमहरू हुन्छन्।

डाउन्स सिन्ड्रम हुने व्यक्तिहरूलाई फरक फरक तरिकामा असर पर्दछ। सबैमा केहि सिकाइ असमर्थता हुन्छ। केहि मानिसहरूका लागि यो हल्का हुन्छ, अरुहरूका लागि यो निकै गम्भिर हुनसक्छ। प्रायजसो मानिसहरूले लगभग स्वतंत्र जीवन बाँच्न सक्छन्, तर कसैलाई भने बढ्ता सहाराको जरुरत पर्दछ। कसै कसैमा चिकित्सा समस्याहरू पनि हुन्छन्, जस्तै मुटुको समस्याहरू। यस्ता धेरै समस्याहरूको उपचार गर्न सकिने हुन्छ।

## डाउन्स सिन्ड्रम भएको शिशु जन्माउने मेरो कतिको सम्भावना रहन्छ?

डाउन्स सिन्ड्रम प्राय 500 वटा गर्भहरूमध्ये एउटामा हुन्छ। प्राय यो परिवार भित्र हुँदैन। डाउन्स सिन्ड्रम भएको शिशु जन्माउने सबै महिलाहरूको उत्तिकै सम्भावना रहन्छ। तपाईँको उमेर बढी हुँदै गएमा सो सम्भावना बढ्दै जान्छ तर कम उमेरका महिलाहरूबाट पनि डाउन्स सिन्ड्रम भएको शिशुहरू जन्मन सक्छन्। यसै कारणले, सबै उमेरका महिलाहरूलाई स्क्रीनिङ जाँच गराउने सल्लाह दिइन्छ।

स्क्रीनिङ जाँचको नतिजाले यो पटकको गर्भमा तपाईँले डाउन्स सिन्ड्रम भएको शिशु जन्माउने सम्भावनाबारे बताउनेछ।

Information for Women

© Public Health Wales

## जाँचको नतिजाले मलाई के जानकारी दिन्छ?

डाउन्स सिन्ड्रमका लागि धैरैवटा स्क्रीनिङ जाँचहरू छन्। यिमध्येका कुनैपनि जाँचहरूले शिशुलाई डाउन्स सिन्ड्रम छ वा छैन भनेर ठ्याक्कै भन्न सक्दैन। यिनिहरूले डाउन्स सिन्ड्रम भएको शिशु जन्माउने तपाईंको सम्भावनाको जानकारी दिनेछन्।

स्क्रीनिङ जाँचबाट डाउन्स सिन्ड्रमद्वारा प्रभावित सबै शिशुहरूको पत्ता लाग्दैन। औसत रुपमा, डाउन्स सिन्ड्रम भएका प्रत्येक 10 जना शिशुहरूमा, जाँचद्वारा सात जना मात्र भेटाउनेछ। अर्थात डाउन्स सिन्ड्रम भएका प्रत्येक 10 जना शिशुहरूबाट तीनजना छुट्नेछन्।

## के डाउन्स सिन्ड्रमको जाँचमा कुनै खतरा हुन्छ?

स्क्रीनिङ भनेको साधारण रगत जाँच हो। खतरा भनेको कुनैपनि रगतको जाँच गराउँदा हुने जति मात्र हो।

## डाउन्स सिन्ड्रमको जाँच गराउँदा के के फाइदाहरू हुन्छन्?

यदि तपाईंको शिशुलाई डाउन्स सिन्ड्रम छ भने, गर्भ राख्नु वा नराख्नु भनेर तपाईंले निर्णय गर्न सक्नुहुनेछ।

## डाउन्स सिन्ड्रमको जाँच गराउँदा के के बेफाइदाहरू हुन्छन्?

कुनै जाँच गराउनाले तपाईंलाई चिन्ता थपिनसक्छ विशेषत डाउन्स सिन्ड्रम भएको शिशु जन्माउने तपाईंको सम्भावना बढ्ता भएको थाहा लाग्ने नतिजा आएमा। तपाईंको नतिजा 2 मा 1 देखि 150 मा 1 का वीचमा रहेको भएमा हामी यसलाई बढ्ता सम्भावना भन्दछौं। यदि नतिजा 2 मा 1 देखि 150 मा 1 का वीचमा रहेको भएमा, तपाईंको शिशुलाई निश्चित रुपमै डाउन्स सिन्ड्रम छ वा छैन भनेर जान्नलाई जाँच गराउने सल्लाह दिन्छौं। निदानात्मक जाँचहरूद्वारा गर्भपात हुनसक्ने भएकोले, धैरै महिलाहरूलाई यो निर्णय लिन गाह्रो हुन्छ। यसबेला निर्णय गर्न गाह्रो हुने भएकोले केहि महिलाहरू त आफूले स्क्रीनिङ जाँच नै नगराएको भएपनि हुनेथ्यो भन्ने ठान्दछन्।

Information for Women

© Public Health Wales

## के मैले डाउन्स सिन्ड्रमको जाँच गराउनुपर्छ?

जाँच गराउनु या नगराउनु भनेर तपाईँले मात्र निर्णय गर्न सक्नुहुनेछ। केहि महिलाहरू आफ्ना शिशुलाई डाउन्स सिन्ड्रम छ वा छैन भनेर जान्न चाहन्छन् अनि केहि महिलाहरू चाँहदैनन्। वेल्सका सबै अस्पतालहरूमा डाउन्स सिन्ड्रमको जाँच गराउन सकिन्छ तर जाँच गराउनु या नगराउनु भन्ने निर्णय तपाईँको मात्र हो। तपाईँ के गर्न चाहनुहुन्छ त्यसबारे आफ्नो मिडवाइफसित छलफल गर्न सक्नुहुन्छ। तपाईँले जे निर्णय गर्दा पनि उनीहरूले सहयोग गर्नेछन्।

## मलाई कुन स्क्रीनिङ जाँच गर्न लगाइन्छ?

रगत जाँच गर्नुभन्दा पहिला तपाईँले अल्ट्रासाउन्ड स्क्यान गर्नुपर्दछ। गर्भावस्थाको 15 देखि 18 हप्तासम्मा रगत जाँच गराउन सकिनेछ।

यदि तपाईँको पेटमा जम्ल्याह वा बढी शिशुहरू छन् भने तपाईँले वेल्सबाट जाँच गराउन सक्नुहुँदैन।

सामान्यतया स्क्रीनिङ जाँच गर्भावस्थाको 18 हप्ता पश्चात गरिँदैन। यदि तपाईँ 18 हप्ता भन्दा बढी अवधिको गर्भवती हुनुहुन्छ र डाउन्स सिन्ड्रम जाँच गराउन चाहनुहुन्छ भने, तपाईँले यसबारे आफ्ना मिडवाइफ वा अस्पतालका चिकित्सक (प्रसूति विशेषज्ञ) सित छलफल गर्नुपर्छ।

## मैले जाँच कहाँबाट गराउनसक्छु?

तपाईँले जाँच कहाँ गराउन सक्नुहुन्छ भनेर तपाईँको मिडवाइफले तपाईँलाई जनाउनेछिन्।

### नतिजाहरू

तपाईँको रगत जाँचको नतिजाहरू प्राय दुइ हप्ताभित्र तपाईँले पाउनुहुनेछ।

Information for Women

© Public Health Wales

## के मेरो नतिजा गोपनीय रहनेछ?

NHS ले सम्पूर्ण जाँचका नतिजाहरूलाई गोपनीय राख्दछ। तपाईँको जाँचको नतिजाहरू कतिजना मानिसहरूले हेर्न सक्छन भन्ने कुरा अस्पतालको नीतिअनुसार फरक पर्नसक्छ। तपाईँको मिडवाइफले तपाईँलाई स्थानीय व्यवस्थाबारे बताउन सक्नेछिन्।

## मेरो जाँचको नतिजा मैले कसरी पाउनेछु?

जाँचको नतिजाहरू कसरी र कहिले तपाईँले पाउनुहुनेछ भनेर तपाईँको मिडवाइफले बताउनेछिन्। नतिजाहरूलाई ‘उच्च सम्भावना’ अथवा ‘न्युन सम्भावना’ भनेर दिइएको हुनेछ।

## मैले न्युन सम्भावना रहेको नतिजा पाएमा के हुनेछ?

यदि जाँचको नतिजाअनुसार डाउन्स सिन्ड्रम भएको शिशु जन्माउने तपाईँको सम्भावना न्युन भएको थाहा लागेमा, थप जाँचहरू गर्न लगाइँदैन। कृपया याद राख्नुहोस् न्युन सम्भावना भन्नाले डाउन्स सिन्ड्रम भएको शिशु जन्माउने तपाईँको सम्भावना नै छैन भन्ने चाहिँ होइन।

## मैले उच्च सम्भावना रहेको नतिजा पाएमा के हुनेछ?

यदि जाँचको नतिजाअनुसार डाउन्स सिन्ड्रम भएको शिशु जन्माउने तपाईँको सम्भावना उच्च भएको थाहा लागेमा (अर्थात 2 मा 1 र 150 मा 1 को सम्भावना), तपाईँलाई मिडवाइफ वा चिकित्सकसित भेट गर्ने एपोइन्टमन्ट प्रदान गरिनेछ। उनीहरूले तपाईँलाई तपाईँको जाँचको नतिजाबारे बुझाइदिनेछन्, र तपाईँले निदानात्मक जाँच गराउन चाहनुहुन्छ वा हुँदैन भनेर पनि उनीहरूसित छलफल गर्न सक्नुहुनेछ। जाँच गर्नु पूर्वनै तपाईँलाई थाहा हुन आवश्यक पर्ने केहि मुश्किल निर्णयहरू तपाईँले निदानात्मक जाँच पश्चात लिनुपर्ने हुनसक्छ।

याद राख्नुहोस् जति कम्ति अंक त्यतिनै बढी सम्भावना हुनेछ। अर्थात, उदाहरणको लागि, 80 मा 1 भनेको 400 मा 1 भन्दा बढ्ता सम्भावना हो।

स्क्रीनिङ जाँच गराएका 3% र 5% वीचका (अर्थात, 100 मध्ये तीन र पाँच वीच) महिलाहरूमा डाउन्स सिन्ड्रम भएको शिशु जन्माउने सम्भावना बढी भएको नतिजा आएको हुन्छ।

वेल्समा NHS द्वारा उपलब्ध रगत जाँचको नतिजाहरू अनुगमन गरिएको हुन्छ।

Information for Women

© Public Health Wales

केहि महिलाहरू डाउन्स सिन्ड्रम जाँच निजी रुपमा गराउन पैसा तिर्ने गर्छन्। निजी क्लिनिकिहरूमा गरिने जाँचको NHS द्वारा अनुगमन गरिएको हुँदैन। अर्थात निजी क्लिनिकहरूद्वारा गरिने कुनैपनि स्क्रीनिङ जाँचहरूको गुणस्तर र सत्यताबारे तपाईंको मिडवाइफलाई केहि जानकारी हुनेछैन। NHS जाँचमा झैं, निजी जाँचमा पनि शिशुलाई डाउन्स सिन्ड्रम छ वा छैन भनेर भन्न सक्दैनन्।

## डाउन्स सिन्ड्रमको निदानात्मक जाँच

### निदानात्मक जाँचहरू के के हुन्?

यदि डाउन्स सिन्ड्रम भएको शिशु जन्माउने तपाईंको सम्भावना उच्च भएमा, तपाईंलाई निदानात्मक जाँच गर्ने सल्लाह दिइन्छ।

यस पर्चामा तपाईंले स्क्रीनिङ जाँच गरेपछि तपाईंलाई गर्न लगाइनसक्ने निदानात्मक जाँचहरूबारे केहि आधारभूत तथ्यहरू प्रदान गरिएको छ।

### अमाइनोसिन्टसिस भनेको के हो?

अमाइनोसिन्टसिस भनेको गर्भाशयमा शिशुको वरिपरिबाट लगभग 15 देखि 20 मिलिलिटर (अर्थात, तीन देखि चार चियाचम्चा) एम्नियोटिक रस झिक्ने एउटा प्रक्रिया हो। यो तरल पदार्थमा रहेको तपाईंको शिशुको क्रोमोसोम हेर्नलाई प्रयोगशालामा कोषको जाँच गर्न सकिनेछ।

तपाईं 15 हप्ताको गर्भवती भएपछि यो गर्न सकिन्छ।

अमाइनोसिन्टसिसमा केहि जोखिमहरू पनि रहन्छ। यसले गर्दा लगभग 100 मा 1 (1%) वटा गर्भावस्थाहरूमा गर्भपात हुनसक्छ।।

### निदानात्मक जाँचको नतिजाबाट मैले के थाहा पाउँछु?

सो नतिजाले तपाईंको शिशुलाई डाउन्स सिन्ड्रम छ कि छैन भनेर थाहा दिन्छ। यदि तपाईंको शिशुलाई डाउन्स सिन्ड्रम छ भने, डाउन्स सिन्ड्रम भएको शिशुलाई जन्माउने तयारी गर्नु अथवा गर्भ नराख्नु भनेर तपाईंले निर्णय गर्न सक्नुहुनेछ।

Information for Women

© Public Health Wales

क्रोमोसम जाँचले अन्य क्रोमोसमका खराबीहरू साथै डाउन्स सिन्ड्रमको पत्ता लगाउनसक्छ र तपाईँलाई अमाइनोसिन्टसिस गर्ने सुझाव गरिएमा, यसबारे तपाईँलाई वर्णन गरिनेछ।

## बढी जानकारी

तपाईँले डाउन्स सिन्ड्रम जाँचबारे बढी जानकारीहरू तपाईँको मिडवाइफ वा अस्पतालको चिकित्सक (तपाईँको प्रसूति विशेषज्ञ) बाट, अथवा www.antenatalscreening.org बाट पाउन सक्नुहुनेछ।

### एन्टिन्याटल रिजल्ट्स एण्ड चोइसेज (ARC)

73 Charlotte Street
London
W1T 4PN
हेल्पलाईन: 020 7631 0285
ई-मेल: info@arc-uk.org
वेबसाइट: www.arc-uk.org

### डाउन्स सिन्ड्रम एशोसिएशन (DSA)

Langdon Down Centre
2a Langdon Park
Teddington
TW11 9PS
फोन: 0845 230 0372
फ्याक्स: 0845 230 0373
ई-मेल: info@downs-syndrome.org.uk
वेबसाइट: www.downs-syndrome.org.uk

© प्रतिलिपिअधिकार 2010 पब्लिक हेल्थ वेल्स NHS ट्रस्ट। सर्वाधिकार सुरक्षित। प्रतिलिपिअधिकारको स्वामीको स्वीकृतिबिना पूर्ण रुपमा वा आंशिक रुपमा पनि यसको प्रतिलिपि बनाउन सकिनेछैन।
www.antenatalscreening.org
अप्रेल 2010
DS 9 वौँ संस्करण

Information for Women
© Public Health Wales